# <u>चौरजहारी नगरपालिका आन्तरिक ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनको विधेयक</u>

**<u>प्रस्तावना :</u>** आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्न नगरपालिकाले आन्तरिक ऋण उठाउन बाञ्छनीय भएकोले, चौरजहारी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"चौरजहारी नगरपालिका आन्तरिक ऋण उठाउने ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन सम्वत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **चौरजहारी नगरपालिका आन्तरिक ऋण उठाउने अधिकार** : (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त चौरजहारी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वय गर्न चौरजहारी नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा अधिविकर्ष वापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकम थप रु. १,२०,००,०००।- (अक्षेरुपी एक करोड बीस लाख रुपैयाँ) मा नबढ्ने गरी त्यतिसम्म रकमको आन्तरिक ऋण उठाउन सक्नेछ ।

**तर यसरी उठाउने** आन्तरिक ऋण रकममा नगरपालिकाले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष समावेश हुने छैन ।

(२) नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ सम्मको तिर्न बाँकी अधिविकर्षलाई नगरपालिकाले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस दफा बमोजिम उठाईएको आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋण ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ एवम् राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस तथा नगरपालिका र ऋण दिने संस्थाबीचको समझदारी बमोजिम हुनेछ ।

चौरजहारी नगरपालिका